नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७९/०४/३० गते।

### प्रेस विज्ञप्ती- १३

### "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

तपसिलमा उल्लेखित प्रतिवादी रामेश्वर श्रेष्ठ समेतले ज्योति विकास वैंक लिमिटेड, असन, काठमाडौंमा रहेको बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा प्रतिवादी रामेश्वर श्रेष्ठलाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा ३० (तीस) दिन कैद र रु. १०,००,०००/- (दश लाख रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०४/३० गते कपन, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आजै सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय डिल्लीबजार पठाईएको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **प्रतिवादी:** | रामेश्वर श्रेष्ठ |
| **उमेर:** | ५८ बर्ष |
| **ठेगाना:** | जिल्ला काठमाडौं का.म.न.पा. २३ स्थायी वतन भई हाल ऐ. वडा नं. १७, ढल्कु घर भई ऐ. वडा नं. २७, असन, कमलाक्षी स्थित लिनिभा बहुउदेश्यीय सहकारी संस्था लिमिटेडका उपाध्यक्ष |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | ३० (तीस) दिन कैद र रु. १०,००,०००/- जरिवाना |
| **फैसला मिति:** | २०७६/०५/०१ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/०४/३० |
| **पक्राउ स्थान:** | जिल्ला काठमाडौं का.म.न.पा. १७, ढल्को, काठमाडौं। |

**उप निर्देशक**
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर:९८५१२९१३११
मिति २०७९/०४/३० गते।